# प्रेस विज्ञप्ति-२७८

# Press Release- 278

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं

मिति:-२०७६/१२/०४ गते

## नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ ८०११ एम्पुल र नाईट्राभेट ५४० ट्याब्लेट सहित १२ जना मानिसहरु पक्राउ

लागू औषध नियन्त्रण ब्यूरोले विशेष सूचना संकलन गरी संचालन गरेको पछिल्लो कारवाहीका क्रममा नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ सहित विभिन्न स्थानबाट १२ जना व्यक्तिहरुलाई पक्राउ गरी लागू औषध नियन्त्रण ऐन २०३३ अनुसार कानूनी कारवाही बढाईएको छ। पक्राउ परेका व्यक्तिहरुको विवरण निम्नानुसार रहेको छ।

- जिल्ला नुवाकोट सुर्यगढी गाउँपालिका वडा नं. ५ ठेगाना भएका वर्ष २५ को सरोज पौडेल, जिल्ला सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका वडा नं.४ ठेगाना भएकी वर्ष २२ की उर्मिला तामाङ्, जिल्ला धादिङ् निलकण्ठ नगरपालिका वडा नं. १ ठेगाना भएका वर्ष २९ को राज कुमार गुरुङ् र जिल्ला महोत्तरी, मटिहानी नगरपालिका वडा नं. ८ ठेगाना भएका बस्ने वर्ष ३८ को ईमतियाज नदाफलाई **मिति २०७६/११/२० गते** काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १६ बालाजुबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ३९६ एम्पुल, डाईजेपाम २४४ एम्पुल र फेनारगन ४०५ एम्पुल** सहित लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर लागू औषध ऐन,२०३३ (संसोधन सहित) बमोजिम कानुनी कारवाही अघि बढाईएको छ।
- उल्लेखित पक्राउ परेका व्यक्तिहरु संगको सोधपुछका क्रममा संकलन गरिएको सुचना र अन्य संकलित सूचनालाई विश्लेषण गरि कारवाही जारी राखिएको अवस्थामा **मिति २०७६/११/२२ गते** काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १४ बल्खुबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ३०० एम्पुल, डाईजेपाम ३०० एम्पुल र फेनारगन ३०० एम्पुल** सहित जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं. ७ ठेगाना भएका वर्ष ३५ को पचुदास गिरीलाई लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन,२०३३ बमोजिम कानुनी कारवाही अघि बढाईएको छ।
- त्यसै गरी **मिति २०७६/११/२८ गते** जिल्ला काठमाडौं, गोकर्णेश्वर नगरपालिका वडा नं. ८ बेसीगाउँबाट **नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ६६० एम्पुल, डाईजेपाम ५९१ एम्पुल, फेनारगन ६१५ एम्पुल, नाईट्राभेट ५४० ट्याब्लेट र लागू औषध कारोवारको रकम रु. १,९४,५००/- (अक्षरुपी एक लाख चौरानव्वे हजार पाँच सय)** सहित जिल्ला सिन्धुपाल्चोक, पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा न- ८ बेसीगाउँ डेरा गरी बस्ने रवि भन्ने राजिव तामाङ र जिल्ला ओखलढुङ्गा, सिद्धिचरण नगरपालिका वडा न-७ स्थायी वतन भई हाल ऐ. बस्ने बर्ष २१ को सरोज राईलाई लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम कानुनी कारवाही अघि बढाईएको छ।

❖ पक्राउ परेका व्यक्तिहरुसंगको प्रारम्भिक अनुसन्धानको आधारमा मिति **२०७६/१२/०१ गते** जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकीबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन १००० एम्पुल, डाईजेपाम १००० एम्पुल र फेनारगन १००० एम्पुल** सहित जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १३ ठेगाना भएकी वर्ष ५२ की मैंयादेवी श्रेष्ठ र जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १५ ठेगाना भएकी वर्ष २४ की ज्योति बराललाई लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर यस ब्यूरोबाट मुद्धा दर्ता भई थप अनुसन्धान भईरहेको छ। साथै निजहरु संगको सोधपुछ पश्चात् निजहरुलाई बीरगंजमा नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ दिने देश **भारत**, विहार राज्य मोतिहारी पुर्वी चम्पारण ठेगाना भएका वर्ष २४ को विशाल कुमार र ऐ.ऐ. ठेगाना भएका वर्ष २४ को राम विकास कुमार रामलाई **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ४०० एम्पुल, डाईजेपाम ४०० एम्पुल र फेनारगन ४०० एम्पुल** सहित पक्राउ गरिएको र सो कारोवारमा संलग्न जिल्ला काभ्रेपलाञ्चोक धुलिखेल नगरपालिका वडा नं. ६ ठेगाना भएका वर्ष ६० को उद्दव आचार्य समेतलाई लागू औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बीरगंज पर्साबाट खटिएको टोलीले पक्राउ गरी **जिल्ला प्रहरी कार्यालय पर्सामा** बुझाई कानुनी कारवाही अघि बढाईएको छ।

❖ यसरी पछिल्लो कारवाहीका क्रममा पक्राउ गरिएको संख्या पुरुष ९ र महिला ३ गरी जम्मा १२ जना एवम् बरामद गरिएको कुल **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन २७५६ एम्पुल, डाईजेपाम २५३५ एम्पुल, फेनारगन २७२० एम्पुल गरी कुल ८०११ एम्पुल, नाईट्राभेट ५४० ट्याब्लेट र लागू औषध कारोवारको रकम रु. १,९४,५००/- (अक्षरुपी एक लाख चौरानव्वे हजार पाँच सय)** रहेको छ।

**पछिल्लो ३ वर्षको बरामदी तथ्यांक**

| S.N. | Year | Buprenorphine (Ampoule) | Diazepam (Ampoule) | Others (Tablets and Injections | Total |
|---|---|---|---|---|---|
| 1 | 2017 | 31,567 | 49,304 | 1,81,203 | 2,62,074 |
| 2 | 2018 | 58,963 | 66,430 | 2,75,546 | 4,00,939 |
| 3 | 2019 | 51,541 | 52,853 | 2,38,258 | 3,42,652 |

फोन नं. ४६०१०४८, फ्याक्स नं. ४६०१९७८, ईमेल: ncbnepal@gmail.com




लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau


GOVERNMENT OF NEPAL